पोखरा महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपुर्तीको सूचना

मिति २०८०/०६/२३

पोखरा महानगरपालिकाको स्वीकृत दरबन्दीमा सम्वत २०६४ साल आश्विन मसान्त सम्म नियुक्त भई यो सूचना प्रकाशन हुँदाका बखत सम्म अस्थायी, करार र सेवा करारमा अविछिन्नरुपमा कार्यरत कर्मचारहरुलाई सम्मानित उच्च अदालत पोखराको मिति २०७३ चैत्र ३० को आदेश तथा सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको मिति २०७९।११।२८ को पत्र बमोजिम देहायको पदमा सिमित आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपुर्ती गर्न तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले पोखरा महानगरपीलकाको वेभसाइट www.pokharamun.gov.np बाट दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजात सहित पोखरा महानगरपालिकाको प्रशासन महाशाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| सिं नं. | विज्ञापन नं. | परीक्षाको किसिम | पद, तह | सेवा समुह | संख्या | दर्खास्त दस्तुर | परीक्षा मिति र स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | लिखित,प्रयोगात्मक तथा अन्तरवार्ता | अधिकृत छैटौं अ.प्रा. ( प्रशासकीय अधिकृत/ कर अधिकृत / वित्त अधिकृत,/ कार्यक्रम अधिकृत छैठौं ) | प्रशासन | ४ | १२००/- | पछि प्रकाशन हुने. |
| २ | ०२/२०८०/०८१ | लिखित तथा अन्तरवार्ता | ईन्जिनियर, सभिल, अधिकृत छैठौं तह | ईन्जिनियरिंग, सिभिल जनरल | १ | १२००/- | |
| ३ | ०३/२०८०/०८१ | लिखित तथा अन्तरवार्ता | सवइन्जिनियर, सिभिल, सहायकस्तर पाचौं तह | ईन्जिनियरिंग, सिभिल जनरल | १ | ७००/- | |
| ४ | ०४/२०८०/०८१ | लिखित प्रयोगात्मक तथा अन्तरवार्ता | सहायकस्तर पाचौं अ.प्रा.( ना. सु, सामुदायीक परिचालक, सहायक पाँचौं) | प्रशासन | ३ | ७००/- | |
| ५ | ०५/२०८०/०८१ | लिखित प्रयोगात्मक तथा अन्तरवार्ता | कम्प्युटर अपरेटर पाँचौं तह | प्रशासन | १ | ७००/- | |
| ६ | ०६/२०८०।८१ | लिखित प्रयोगात्मक तथा अन्तरवार्ता | सहायकस्तर चोथो तह अ.प्रा. (खरिदार, स.ले.पा. सुपरभाईजर, स. कम्युनिटी अर्गनाईजर) | प्रशासन | ९ | ५००/- | |

१) **परीक्षा केन्द्र** :- पछि प्रकाशन हुनेछ ।

२) **न्युनतम योग्यता** : (१) सम्बत २०६४ असोज मसान्त सम्म स्वीकृत दरबन्दीको पदमा अस्थाई वा करार नियुक्त भई हाल सम्म अविच्छिन्न सेवारत रहेको हुनु पर्नेछ ।

(२) प्रशासकीय अधिकृत, प्रशासन, छैठौं तहको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।

(३) कर अधिकृत, प्रशासन, छैठौं तहको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।

(४) वित्त अधिकृत, प्रशासन, छैठौं तहको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।

(५) कार्यक्रम अधिकृत, प्रशासन, छैठौं तहको लागि :मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।

(६) ईन्जिनियर, सभिल, अधिकृत छैठौं तहको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिंग विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

(७) सवइन्जिनियर, सिभिल, सहायकस्तर पाचौं तहको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिंग विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

(८) सहायकस्तर पाचौं, प्रशासन पाचौं तहको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

(९) कम्प्युटर अपरेटर पाँचौं तहको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरि कम्प्युटरमा डिप्लोमा उत्तीर्ण ।

(१०) सामुदायीक परिचालक पाँचौंको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण ।

(११) सहायकस्तर चोथो/खरिदार, प्रशासन, चौथो तहको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण ।

**(३) उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरु :- उम्मेदवार स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि दरखास्त साथ पेश गर्नुपर्नेछ ।**

(क) नेपाली नागरिकताको प्रतिलिपि, (ख) शैक्षिक योग्यताको प्रतिलिपि, (ग) तालिम प्रमाणपत्रको प्रतिलिपी (घ) दरखास्त पेश गर्ने दिन सम्म सम्वत २०६४ साल आश्विन मसान्त अघि देखि हाल सम्म अविच्छिन्न सोही पदमा कार्यरत रहेको प्रमाणित कागजात ।

**(४) दरखास्त दस्तुर :-** दरखास्त दस्तुर पोखरा महानगरपालिकाको राष्ट्रिय वाणिज्य बैंकमा रहेको चल्ती खाता नं. ३०२०१००३०१०१०००२ मा रकम जम्मा गरेको सक्कल भौचर लिई पोखरा महानगरपालिकाको राजश्व काउन्टरबाट नगद दाखिला गरेको रसिद बुझाउनु पर्नेछ ।

(५) पेश गरेको कागज वा व्यहोरा झुटा ठहरेमा दर्खास्त अस्वीकृत भई कानुन बमोजिम कारवाही समेत हुनेछ ।

**(६) दरखास्त दिने अन्तिम मिति :- २०८०/०८/०७ सम्म**

**(७) प्रयोगात्मक परीक्षा मिति :-** लिखित परीक्षाको नतिजा सँगै प्रकाशन गरिनेछ ।

**(८) लिखित परीक्षाको पाठ्यक्रम लोकसेवा आयोगबाट स्थानीय तहका सम्बन्धित पद/तहको लागि तोकिएको पाठ्यक्रममा आधारित हुनेछ ।**

**(९) अन्तर्वार्ता हुने मिति :-** लिखित परीक्षाको नतिजा सँगै प्रकाशन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत